वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ

bhanjyangnews.com भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत "विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १५८ | २०८३ असोज २६ गते सोमबार, नेपाल सम्वत् ११४६ October 12, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



क्षतिग्रस्त पुलको निरीक्षण

तनहुँ क्षेत्र नं. २ का सांसद श्रीराम न्यौपाने कालीगण्डकी नदीमा आएको बाढीले क्षति पुर्‍याएको झोलुङ्गे पुलको निरीक्षण गर्दै । बाढीका कारण जीर्ण बनेका पुलहरुको निरीक्षण गर्दै पुलहरु मर्मतसम्भारको पर्खाइमा रहेका र पुनर्निर्माणसम्म इन्जिनियरिङको काम जारी रहेको बताएका छन् । गत असोज ९ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि कालीगण्डकीमा आएको बाढीपहिरोले तनहुँका सडक, पुल, कल्भर्टलगायत सार्वजनिक पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ। बाढीले पाँचवटा झोलुङ्गे पुल पूर्ण रूपमा क्षतिग्रस्त बनाउनुका साथै तीनवटा झोलुङ्गे पुल र एउटा पक्की पुलमा आंशिक क्षति पुऱ्याएको छ । दुईवटा कल्भर्टमा समेत क्षति पुगेको छ ।

तस्विर : भञ्ज्याङ

बुढीगण्डकीमा आएको बाढीले उत्तरी गोरखामा सयभन्दा बढी घर बगायो

दुई मोटरेबलसहित छ पुलमा क्षति, विद्यालय र तीन जलविद्युत् आयोजना बगे; १० जना सम्पर्कविहीन

भञ्ज्याङ समाचारदाता/गोरखा

बुढीगण्डकी नदीमा आएको आकस्मिक बाढीले उत्तरी गोरखामा ठूलो क्षति पुऱ्याएको छ । बाढीले चुमनुब्री, धार्चे र आरूघाट गाउँपालिकाका विभिन्न बस्तीमा सयभन्दा बढी घरगोठमा क्षति पुऱ्याउनुका साथै दुई मोटरेबलसहित छ वटा पुल, विद्यालय तथा तीन जलविद्युत् आयोजनामा क्षति पुगेको छ । बाढी पूर्वानुमान महाशाखाका अनुसार चुमनुब्री गाउँपालिका-६ तुम्जेमा उङ्लिङ खोला थुन्ने गरी सुक्खा पहिरो खसेपछि खोला एक्कासि खुल्दा बाढी आएको हो। आइतबार बिहान करिब ४ बजे पहिरो खसेको भनिए पनि भू-उपग्रहबाट प्राप्त तस्बिरमा शनिबार साँझ नै पहिरो गएको देखिएको महाशाखाले जनाएको छ ।

उङ्लिङ खोलाबाट बूढीगण्डकीमा मिसिएको बाढीले चुमनुब्री गाउँपालिकाको लोक्पा, न्याकफेदी, सिर्दिबास, सल्लेरी र जगत तथा धार्चेको दोभान, माछीखोला, यारूबगर र आरूघाट गाउँपालिकाको सोती तथा आरूघाट बजार क्षेत्रमा क्षति पुऱ्याएको जिल्ला प्रशासन कार्यालय गोरखाले जनाएको छ।

१० जना सम्पर्कविहीन

बाढीपछि चुमनुब्री-६ चुन्चेतका पाँच जना सम्पर्कविहीन भएका छन् । उनीहरु उङ्लिङ क्षेत्रमा भेडीगोठमा बस्दै आएका थिए। सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माका अनुसार सोही क्षेत्रमा पर्ने धाउलेमा तीन घरका थप पाँच जना सम्पर्कविहीन छन्। सम्पर्कविहीनहरुको खोजी तथा उद्धारका लागि सुरक्षा निकाय परिचालन गरिएको छ । दुर्गम धादिङको त्रिपुरासुन्दरी जोड्ने मोटरेबल पुल तथा आरूघाटको सोती-मान्बु जोड्ने पक्की पुल बाढीले बगाएको छ ।

धार्चे गाउँपालिका-१ र ३ जोड्ने बेलिब्रिज तथा माछीखोला-केरौंजा जोड्ने झोलुङ्गे पुलमा समेत क्षति पुगेको छ। चुमनुब्रीमा ठाडो भञ्याङ-जगत जोड्ने तथा घट्टेखोला-फिलिम जोड्ने झोलुङ्गे पुल पनि बाढीले बगाएको गाउँपालिकाले जनाएको छ ।

चुमनुब्री-६ सिर्दिभीरस्थित क्यान्टिलिभर पुलसमेत बाढीले बगाएको छ । उक्त पुल चुमनुब्री-६ चुम्लिङ र वडा नं ७ छेकम्पारका बस्तीमा पुग्ने मुख्य आधार थियो।

पुलहरु बगेपछि उत्तरी गोरखाका कैयौं बस्तीको सडक तथा पैदल सम्पर्क विच्छेद भएको छ । धार्चे गाउँपालिका अध्यक्ष लक्ष्मण गुरूङले माछीखोलाको पुल बगेपछि केरौंजा, लामावेशी र रून्चेतलगायत बस्ती जाने बाटो बन्द भएको बताए । दसैंको मुखमा भएको विपत्तिले स्थानीयलाई थप समस्या परेको उहाँको भनाइ छ।



छ पुलमा क्षति

बाढीले तीन स्थानीय तहमा दुई मोटरेबलसहित छ वटा पुलमा क्षति पुऱ्याएको छ । आरूघाट र भूगोल र बाढीले सडक तथा पुलमा क्षति पुऱ्याएका कारण स्थलमार्गबाट उद्धारमा कठिनाइ भएको प्रशासनले जनाएको छ ।

विद्यालय र जलविद्युत् आयोजनामा क्षति

बुढीगण्डकीको बाढीले चुमनुब्री-३ घट्टेखोलास्थित विकास

बाँकी तेश्रो पेजमा

ऋषिङमा निःशुल्क आँखा शिविर, १२३ जनाको मोतियाविन्दुको शल्यक्रिया

भञ्ज्याङ समाचारदाता/ऋषिङ

तनहुँको ऋषिङ गाउँपालिकाका विभिन्न वडामा सञ्चालन गरिएको निःशुल्क आँखा घुम्ती शिविरबाट ९५४ जना लाभान्वित भएका छन्। नेपाल नेत्रज्योति संघ भरतपुर आँखा अस्पताल, नेपाल नेत्रहीन संघ समावेशी समाजका लागि कार्य (लमजुङ-तनहुँ) र ऋषिङ गाउँपालिकाको संयुक्त आयोजनामा शिविर सञ्चालन गरिएको हो ।

गाउँपालिकाका सबै वडामा सञ्चालन गरिएको घुम्ती शिविर तथा असोज २१ र २२ गते कोटदरबार स्वास्थ्य चौकीमा सञ्चालन गरिएको निःशुल्क मोतियाविन्दुको शल्यक्रिया शिविरबाट उत्तम संख्यामा सेवाग्राहीले सेवा लिएका हुन् ।

शिविरमा आँखासम्बन्धी विभिन्न समस्या भएका ५७६ जनाको परीक्षण तथा उपचार गरिएको छ । नजिकको दृष्टिमा समस्या भएका १०१ जनालाई निःशुल्क चस्मा उपलब्ध गराइएको आयोजकले जनाएको छ ।

त्यस्तै, मोतियाविन्दु भएका १२३ जनाको निःशुल्क शल्यक्रिया गरिएको छ । दुर्गम तथा ग्रामीण क्षेत्रका नागरिकलाई स्थानीयस्तरमै आँखासम्बन्धी विशेषज्ञ सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको थियो ।



गाउँमै सञ्चालन गरिएको शिविरबाट आँखाको समस्या पहिचान तथा उपचारसँगै मोतियाविन्दुको शल्यक्रियासमेत निःशुल्क भएपछि स्थानीयवासी लाभान्वित भएका छन् । ग्रामीण क्षेत्रमा नियमित तथा पहुँचयोग्य आँखा उपचार सेवा विस्तार गर्न यस्ता शिविर प्रभावकारी हुने आयोजकको भनाइ छ ।

सम्पादकीय .....

www.bhanjyangnews.com

प्रकृतिको चेतावनी

नेपालमा बाढीपहिरो अब वर्षायाममा आउने सामान्य विपद्मा मात्र सीमित छैन । हरेक वर्ष नदी उर्लिन्छन्, पहाड खस्छन्, बस्ती बग्छन्, सडक र पुल भत्किन्छन् अनि नागरिकको ज्यान र सम्पत्ति गुम्छ । विपद् सकिएपछि क्षतिको विवरण संकलन गर्ने, राहत बाँड्ने र पुनर्निर्माणको आश्वासन दिने क्रम दोहोरिन्छ । तर अर्को विपद् आउनुअघि जोखिम घटाउने तयारी भने अझै कमजोर छ । उत्तरी गोरखाको बुढीगण्डकी नदीमा आएको आकस्मिक बाढीले फेरि यही प्रश्न उठाएको छ- प्राकृतिक विपद्को जोखिम थाहा हुँदाहुँदै पनि हामी किन सधैं क्षति भएपछि मात्र जाग्छौं ? आइतबार बिहान बूढीगण्डकी नदीमा आएको आकस्मिक बाढीले उत्तरी गोरखाका चुमनुब्री, धार्चे र आरूघाट गाउँपालिकाका विभिन्न बस्तीमा ठूलो क्षति पुऱ्याएको छ । प्रारम्भिक विवरणअनुसार दर्जनौं घरपरिवार प्रभावित भएका छन् । दुई मोटरेबल पुलसहित विभिन्न पुल बगेका छन् भने विद्यालय र जलविद्युत् आयोजनामा समेत क्षति पुगेको छ । मानिस सम्पर्कविहीन भएका छन्, बस्तीको सडक सम्पर्क टुटेको छ र विद्युत् सेवा अवरूद्ध भएको छ । दुर्गम भूगोल र भत्किएका सडक तथा पुलका कारण उद्धारमा समेत कठिनाइ भएको छ । दसैंको मुखमा आएको यस विपद्ले स्थानीयको जनजीवन थप कष्टकर बनाएको छ ।

बाढी आउनुको तत्कालीन कारण चुमनुब्री गाउँपालिका-६ तुम्जे क्षेत्रमा उङ्गिलुङ खोला थुन्ने गरी खसेको सुक्खा पहिरो रहेको प्रारम्भिक जानकारी छ । पहिरोले थुनिएको पानी एक्कासि खुल्दा ठूलो बाढी आएको अनुमान गरिएको छ । यस घटनाले पहाडमा खस्ने पहिरोले एउटा खोला मात्र होइन, तलतिरका धेरै बस्ती र पूर्वाधारलाई एकैपटक जोखिममा पार्न सक्छ भन्ने देखाएको छ । नदी किनारका बस्ती, पुल, सडक, विद्युत् आयोजना र विद्यालयको सुरक्षा एउटै जोखिमसँग जोडिएको हुन्छ । त्यसैले विपद् व्यवस्थापनलाई छुट्टाछुट्टै संरचना जोगाउने कामका रूपमा मात्र बुझ्नु हुँदैन । यसअघि भोटेकोशी र त्रिशूली नदीमा आएको बाढीले पनि नेपालका नदी किनारका बस्ती तथा पूर्वाधार कति असुरक्षित छन् भन्ने देखाइसकेको छ । कालीगण्डकी नदीमा आएको बाढीले सार्वजनिक पूर्वाधार ठूलो क्षति पुऱ्याउँदा तटीय क्षेत्रका जिल्लाहरू प्रभावित भएका छन् । यी घटनाको भौगोलिक अवस्था र तत्कालीन कारण फरक हुन सक्छन्, तर एउटा साझा सन्देश छ- प्राकृतिक जोखिमलाई बेवास्ता गरेर बनाइएका संरचना र बस्ती कुनै पनि बेला ठूलो संकटमा पर्न सक्छन् । पुल बगेपछि यातायात मात्र रोकिन्न, बिरामीलाई अस्पताल पुऱ्याउन, खाद्यान्न ढुवानी गर्न, उद्धार टोली परिचालन गर्न र विपद्मा परेकालाई सहयोग गर्नसमेत कठिन हुन्छ ।

यस्ता विपद्को जोखिम बढ्नुमा जलवायु परिवर्तनको असरलाई पनि गम्भीरतापूर्वक लिन आवश्यक छ । तापक्रम वृद्धि, वर्षाको अनियमितता, छोटो समयमा अत्यधिक वर्षा र हिमाली क्षेत्रमा हिउँ तथा हिमनदीमा आउने परिवर्तनले बाढीपहिरोको जोखिमलाई थप जटिल बनाउन सक्छन् । तर हरेक बाढीपहिरोको कारण जलवायु परिवर्तन नै हो भनेर निष्कर्ष निकाल्नु वैज्ञानिक हुँदैन। स्थानीय भूगोल, कमजोर भिरालो जमिन, नदीको प्राकृतिक बहावमा अवरोध, अव्यवस्थित सडक निर्माण र जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तारजस्ता पक्षको पनि अध्ययन गर्नुपर्छ। जलवायु परिवर्तनले जोखिम बढाउन सक्छ, तर त्यसबाट हुने क्षति कति हुन्छ भन्ने कुरा हाम्रो तयारी र व्यवस्थापनमा पनि निर्भर गर्छ । नेपालमा विपद् व्यवस्थापनको मुख्य कमजोरी घटना हुनुअघि पर्याप्त तयारी नहुनु हो । बाढीको पूर्वानुमान गर्ने प्रणाली आवश्यक छ, तर पूर्वानुमानले मात्र ज्यान जोगिँदैन । जोखिममा रहेका बस्तीका नागरिकसम्म समयमै सूचना पुग्नुपर्छ। खोला थुनिएको, पहिरो खसेको वा पानीको सतह अस्वाभाविक रूपमा बढेको जानकारी तत्काल सम्बन्धित निकाय र स्थानीय समुदायसम्म पुऱ्याउने संयन्त्र चाहिन्छ । सम्भावित जोखिम क्षेत्र पहिचान गरी सुरक्षित स्थान, उद्धार मार्ग र अस्थायी आश्रयस्थल पहिल्यै निर्धारण गर्नुपर्छ । दुर्गम क्षेत्रमा सञ्चार सम्पर्क टुट्दा पनि काम गर्न सक्ने वैकल्पिक व्यवस्था हुनुपर्छ ।

बाढीपहिरो पूर्ण रूपमा रोक्न नसकिए पनि त्यसबाट हुने जनधनको क्षति घटाउन सकिन्छ । त्यसका लागि विपद् व्यवस्थापनलाई कागजी योजना र घटना पछिको राहत वितरणमा सीमित राख्नु हुँदैन । स्थानीय तहदेखि संघीय सरकारसम्मको बजेट, विकास योजना र पूर्वाधार निर्माणमा जोखिम न्यूनीकरणलाई अनिवार्य बनाउनुपर्छ । वैज्ञानिक अध्ययन, समयमै चेतावनी, सुरक्षित बस्ती, सक्षम उद्धार प्रणाली र प्रकृतिमैत्री विकासमा लगानी गर्नुपर्छ । प्रकृतिले दिएको चेतावनीलाई बेवास्ता गर्दै क्षति भएपछि मात्रै चिन्ता गर्ने प्रवृत्ति अब बदलिनुपर्छ । बूढीगण्डकी, भोटेकोशी, त्रिशूली र कालीगण्डकीका घटनालाई अलग-अलग दुर्घटनाका रूपमा होइन, विपद् जोखिम घटाउने राष्ट्रिय नीतिमा सुधार गर्नुपर्ने साझा सन्देशका रूपमा लिनुपर्छ । नागरिकको ज्यान जोगाउनु र सुरक्षित जीवनको आधार तयार गर्नु राज्यको पहिलो दायित्व हो । विपद्पछि राहत दिनु आवश्यक छ, तर विपद्अघि जोखिम घटाउनु अझ महत्त्वपूर्ण छ । नदी उर्लिएपछि भाग्ने बाटो खोज्नुभन्दा नदी उर्लिनुअघि सुरक्षित हुने व्यवस्था गर्नु नै जिम्मेवार राज्य र दूरदर्शी विकासको पहिचान हो ।

शास्त्रीय परम्परादेखि नोबेल पुरस्कारसम्म एनी कार्सन

असोज २२, २०८३ मा ७६ वर्षीया क्यानेडियन साहित्यकार एनी कार्सनलाई यस वर्षको साहित्यतर्फको नोबेल पुरस्कार प्रदान गरियो । उक्त समाचार जताततै हेर्न सुन्न र पढन पाइयो । धेरै बर्ष अगाडि उनको ब्युटि अफ द हजबेन्ड कृति पढेको थिए । त्यो पुस्तकको एउटा छाप मनमास्तिष्कमा रहिरकेको थियो । परम्परागत दायराभन्दा बाहिर निस्किएर कविता, कथा र दर्शनको एउटा अद्भुत सम्मिश्रण छ यस पुस्तकमा । त्यो पुस्तक २९ वटा "ट्याङ्रो" नृत्यको लयमा बुनिएको छ। भत्किँदै गरेको वैवाहिक सम्बन्धको कथा छ त्यहाँ। यो जोन किट्सको दर्शन "सुन्दरता नै सत्य हो" माथि गरिएको एउटा तिखो व्यङ्ग्य पनि हो। यस पुस्तकमा एउटा शास्त्रीय विद्वानको प्राज्ञिक गहिराइ र मानवीय पीडाको उत्कृष्ट सन्तुलन छ ।

यस पुस्तकले मानिस कसरी शारीरिक सुन्दरताको मोहमा परेर विषाक्त आकर्षण र मानसिक नियन्त्रणमा फस्छ भन्ने कुरालाई मनोवैज्ञानिक रूपमा प्रस्तुत गरेको छ। पाठकलाई जिल्ल पार्दै व्याकरण र विराम चिन्हका स्थापित नियमहरूलाई तोडेको छ। यसको साङ्गीतिक लय र स्पष्ट भाषाले पाठकलाई सुरूदेखि अन्त्यसम्म एकै सासमा बाँधिराख्छ। त्यो पुस्तक पढदा ताका मलाई यो पुस्तक विवाहित जोडिको सम्बन्धको उतारचढाव र भित्री मनोविज्ञान बुझ्न चाहने हरेक पुस्तक प्रेमीले छुटाउनै नहुने एक उत्कृष्ट रचना लागेको थियो । ब्युटि अफ द हजबेन्ड पढदा महसुस गरेको फरक स्वादले कार्सनको विशिष्टता रहेछ । त्यहि विशिष्टताले उनलाइ नोवेल पुरस्कार दिएको हुनुपर्छ । हुन त उनको समग्र साहसिक र मौलिक कृतिका लागि यो पुरस्कार प्रदान गरिएको हुनुपर्छ ।

हालैका दिनहरू अंग्रेजी साहित्यका समालोचकहरूले बोलेका छन उनका कृतिहरूमा शास्त्रीय परम्पराका चञ्चल र सिर्जनात्मक संवादहरू छन । कार्सनले लेखेका ति संवादहरूले समकालीन साहित्यका लागि नयाँ रूपहरु सिर्जना गरेका छन । मलाई लाग्छ यो नोवेल पुरस्कारले विश्व साहित्यमा उनको सृजना र शैलीमाथि एक महत्वपूर्ण छलफलको मौका दिएको छ । हामी उच्च शिक्षाका विद्यार्थीहरुका लागि भने लेखकहरूले लेखनका परम्परा सीमाहरूलाई कसरि चुनौती दिन सक्छन भन्ने जान्ने थप एक अवसर पनि दिएको छ ।

कार्सनको चिनारी

सन १९५० मा टोरन्टोमा जन्मेकी कार्सन ३० वर्षभन्दा बढी समयदेखि उत्तरी अमेरिकाका विभिन्न विश्वविद्यालयहरूमा शास्त्रीय साहित्य पढाउँदै आएकीछन । प्रिन्स्टन, म्याक्गिल र मिसिगन जस्ता विश्वविद्यालय उनको कार्यस्थल रहीसकेकाछन । प्राचीन ग्रीक र ल्याटिन भाषामा उनको गहिरो ज्ञान उनका सृजनामा प्रतिबिम्बित रहेका छन। तर उनी विद्वत्तापूर्ण नियमहरूमा सीमित छैनन । बरू उनी आफ्नो साहित्यिक प्रयोगको आधार आफनो शास्त्रीय ज्ञानलाइ बनाएकिछन ।

विधाको सीमा भत्काउने कार्सन


कार्सनको सबैभन्दा विशिष्ट योगदान भनेको एउटा साहित्यिक विधामा मात्र सिमित रहन अस्वीकार्नु हो । उनका कृतिहरूमा पाठकका अपेक्ष विपरित कविता, गद्य, निबन्ध, समालोचना र अनुवादका तव्वलाई मिसाइएको हुन्छन। उनको प्रसिद्ध कृति अटोबायोग्राफी अफ रेड (१९९८) पूरै पद्यमा लेखिएको छ तपनि यो एक पूर्ण आख्यान हो। यसले सामान्यतः दुष्ट मानिने प्राचीन ग्रीक मिथक गेरियनलाई एक संवेदनशील, हृदयविदारक किशोरको रूपमा पुनर्कल्पना गर्दछ । उनको नायक गेरियन चाहना र शोकको अनुभव गर्दछ । शास्त्रीय राक्षसलाई आवाज दिएर कार्सनले पाठकहरूको सहानुभूति पाउन को योग्य छ र हामी प्राचीन कथाहरु कसरी बुझ्छौं भन्ने सोच्न बाध्य पार्छिन ।

त्यसै गरी, द ब्युटी अफ द हजबेन्ड (२००१) मा २९ खण्ड वा ट्याङ्रो छन । यसमा आख्यान र गीतिमय कविता मिसाइएको छ । यसले छल र चाहनाले भरिएको समस्याग्रस्त ३० वर्ष लामो बैवाहिक सम्वन्धको अन्वेषण गर्दछ । यस पुस्तकका लागि कार्सनले टि.एस. इलिएट पुरस्कार जितेकी थिइन । यो सम्मान पाउने पहिलो महिला पनि उनिनै थिइन ।

द गार्डियनमा कार्सनको रेड डक कृतिको समीक्षा गर्दै सारा क्राउनले लेखेकीछन '३,००० वर्षभन्दा पहिले पहिलो पटक भनिएको कथासँग यति सहज, मौलिक र आकर्षक रूपमा जोडिनु आश्चर्यजनक छ । उहाँको महत्वाकांक्षा एक ठाउँमा छ; तर यो पूर्ण रूपमा सफल हुनु वास्तवमै एउटा बेग्लै र अद्भूत कुरा हो ।'

व्यक्तिगत अनुभुती र शास्त्रीयताको समन्वय

कार्सनको सबैभन्दा प्रयोगधर्मी कृति नक्स (२०१०) हो । समालोचकहरूले यो कृति व्यक्तिगत शोकलाई शास्त्रीय विद्वत्तासँग मिसाउने प्रयोगवादको उदाहरण हो भनेका छन । यो पाठकले कल्पना गर्न नसक्ने फोटो, पत्र र टुक्राहरु सहित एकर्डियन-मोडमा पट्याइएको बक्सको रूपमा प्रकाशित छ । यो कृति संस्मरण, शब्दकोश र कला वस्तुको एक भाग हो। यो पुस्तकले उनको हराएका दाइ माइकलसँगको सम्बन्धलाई दस्तावेजीकरण गरेको छ । माइकल उनको जीवनबाट २२ वर्षको अनुपस्थितिपछि मृत पाइएका थिए । यो कृतिको बायाँ पृष्ठहरूमा कार्सनले एक प्राचीन रोमन शोकगीत केटुलस १०१ का शब्दहरूमा लेखेकीछन ।



रोमन काव्य केटुलस पनि घरबाट टाढा पुगेर मृत पाइएका दाइको लागि लेखिएको शोकगीत थियो । नक्सको दायाँ पृष्ठहरूमा, उनले आफ्ना यादहरु र माइकलका पत्रहरुको टुक्राहरु राखेकीछन। यस कृतिमा उनले अनुवाद र शास्त्रीय सन्दर्भ मार्फत आफ्नो शोकलाई संरचित गरेकीछन । एक अर्थमा अनुवाद गर्ने कार्य नै समय र भाषा पार गरी अर्थ बनाउने संघर्ष हो । अनुवाद त हराएकोलाई पूर्ण रूपमा पुनः प्राप्त गर्ने असम्भवताको प्रतिबिम्ब हो । कार्सनले आफ्नो शास्त्रीय ज्ञानलाई केवल सजावट नभई मानवीय अनुभवलाई गहिराइसँग बुझ्ने एक गहिरो माध्यमको रूपमा कसरी प्रयोग गरेकीछन भन्ने बुझ्न यो कृति पढन धेरै भाषविदहरूले सुझाएकाछन ।

कार्सन सम्बन्धी आलोचकहरुको विचार

नेवेल पुरस्तकार प्रदानकर्ता स्वीडिस एकेडेमिले उनको वारेमा गरेको घोषणामा समेटिएको उद्धरणले पनि कार्सनको लेखनीको सारलाई प्रस्तुत गर्दछ । नोबेल समितिका अध्यक्ष एन्डर्स ओल्सनका अनुसार यो पुरस्कार कार्सनलाई 'शास्त्रीय परम्परासँगको चञ्चल र सिर्जनात्मक संवादमार्फत समकालीन साहित्यका लागि नयाँ रूपहरु सिर्जना गरेको साहसिक र

बाँकी तेश्रो पेजमा

तपाईको आज

मेष
आर्थिक लाभको सम्भावना, पारिवारिक सहकार्यले ठूला काम सम्पन्न, नयाँ योजना प्रारम्भ गर्न अनुकूल समय हो ।

वृष
व्यवसायमा मन्दी देखिए पनि साझेदारीमा गरिएको कामबाट फाइदा मिल्न सक्छ। मनोबल उच्च राख्नुहोस्।

मिथुन
प्रेम सम्बन्धमा सुधार आउनेछ। मित्रहरूसँगको सहकार्यबाट फाइदा हुनेछ। पढाइलेखाइमा मन जानेछ।

कर्कट
घरपरिवारमा सानो मतभेद आउन सक्छ। भावनामा बग्नुभन्दा यथार्थमा टिकेर निर्णय लिनु उपयुक्त हुन्छ।

सिंह
यात्राको योग देखिन्छ । शुभ सूचना प्राप्त हुनेछ । सम्मान प्राप्त हुने सम्भावना पनि देखिएको छ ।

कन्या
सञ्चारमा सुधार हुनेछ। आर्थिक विषयमा सतर्क र हनुहोस्। परिश्रम अनुसार उपलब्धि पाउनुहुनेछ।

तुला
पारिवारिक वातावरण सुखद रहला । नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा दिन सक्छ ।

वृश्चिक
श्रम अनुसार फल पाइने समय हो। बोली र व्यवहारमा संयमता अपनाउनु लाभदायक हुनेछ।

धनु
सृजनात्मक काममा रूचि बढ्नेछ। पुराना समस्याको समाधान हुने सम्भावना छ। आत्मबल उच्च रहन्छ।

मकर
नयाँ योजनाको प्रारम्भका लागि अनुकूल समय हो। अरूको कुरामा ध्यान नदिई आफ्ना लक्ष्यमा केन्द्रित हुनुहोस् ।

कुम्भ
पुराना साथी भेटिने सम्भावना छ । नयाँ काममा हात हाल्नुअघि अनुसन्धान गर्नु उचित हुनेछ ।

मीन
स्वास्थ्यमा सामान्य कमजोरी देखिन सक्छ । सामाजिक काममा संलग्न हुने अवसर आउन सक्छ ।



फलाखु खोलामा बेलीब्रिज : नुवाकोट र रसुवाको सिमानामा पर्ने बेत्रावतीस्थित फलाखु खोलामा नेपाली सेनाले निर्माण गरेको २४० फिट लामो एक्को बेलीब्रिज । ४० टन भारवहन क्षमता रहेको पुल सञ्चालनमा ल्याइएको छ । *तस्विर : नेपाल आर्मी/भञ्ज्याङ*

बुढीगण्डकीमा आएको .....

आधारभूत विद्यालयको भवनसमेत बगाएको छ । विद्यालय भवन बगेपछि विद्यार्थीको पठनपाठन प्रभावित हुने अवस्था आएको छ। बाढीले तीन जलविद्युत् आयोजनामा समेत क्षति पुऱ्याएको छ । चुमनुब्री-३ सल्लेरीस्थित सहज ऊर्जा प्रालिको पावर हाउस र लेबर क्याम्प बाढीले बगाएको छ। धार्चे-१ यारू र दोभानमा रहेका दुई जलविद्युत् आयोजनामा पनि क्षति पुगेको गाउँपालिका अध्यक्ष लक्ष्मण गुरूङले जानकारी दिए ।

सल्लेरीको जलविद्युत् आयोजनामा क्षति पुगेपछि न्याक, फिलिम, चिसापानी, नाग्चेत, घट्टेखोला, पाङसिङ, जगत, सल्लेरी, भालुवाङ, सिर्दिबास र उहियालगायत बस्ती विद्युत् सेवाबाट प्रभावित भएका छन् ।

करिब ६५ घरधुरीमा क्षति

प्रारम्भिक विवरणअनुसार उङ्लिुङ खोला क्षेत्रमा चार वटा गोठ बाढीले बगाएको छ। बूढीगण्डकी किनारका सल्लेरी, घट्टेखोला, पैंयु, दोभान र बगरमा करिब ३१ घरधुरी बाढीले बगाएको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले बताए ।

धार्चेको माछीखोला, यारूबगर र दोभानमा करिब ५० घरधुरी तथा आरूघाट गाउँपालिकाको सोतीमा करिब १५ घरधुरीमा क्षति पुगेको प्रारम्भिक विवरण छ। यसबाहेक विभिन्न स्थानमा घर तथा गोठमा क्षति पुगेकाले विस्तृत विवरण संकलन भइरहेको प्रशासनले जनाएको छ ।

हेलिकप्टरबाट उद्धार तीव्र

बाढी प्रभावित क्षेत्रमा अलपत्र परेका नागरिक तथा पर्यटकको हेलिकप्टरमार्फत उद्धार भइरहेको छ। चुमनुब्री-३ न्याकफेदीमा फसेका नौ जनालाई हेलिकप्टरबाट उद्धार गरी न्याकगाउँ लगिएको छ ।

धार्चे-१ यारूबगरमा फसेका एक विदेशी नागरिकसहित १८ जनाको पनि उद्धार गरिएको छ। उनीहरूमा स्थानीय, पर्यटक तथा जलविद्युत् आयोजनामा कार्यरत व्यक्ति रहेका छन् । उद्धार गरिएका उनीहरूलाई हेलिकप्टरमार्फत हुल्चुक गाउँ लगिएको प्रशासनले जनाएको छ ।

यसैगरी मनास्लु क्षेत्रमा अलपत्र परेका करिब ९० जना पर्यटक, गाइड तथा भरियाको समेत हेलिकप्टरबाट उद्धार गरिएको छ। उद्धार तथा खोजी कार्यका लागि नेपाली सेनाका चार वटा हेलिकप्टर परिचालन गरिएको छ ।

बाढीले पुल, बाटो, विद्युत् र सञ्चार संरचनासमेत क्षतिग्रस्त बनाएपछि उत्तरी गोरखाका प्रभावित बस्तीमा जनजीवन थप कठिन बनेको छ । प्रारम्भिक विवरणमै ठूलो क्षति देखिए पनि दुर्गम क्षेत्रमा सबै ठाउँमा सुरक्षा तथा प्रशासनिक टोली पुग्न नसकेकाले क्षतिको वास्तविक विवरण अझै आउन बाँकी छ । उद्धारसँगै जोखिममा रहेका बस्तीको सुरक्षा, खाद्यान्न तथा अत्यावश्यक सामग्रीको आपूर्ति र अवरूद्ध सम्पर्क पुनःस्थापनालाई तत्काल प्राथमिकता दिनुपर्ने देखिएको छ।

शास्त्रीय परम्परादेखि .....

मौलिक समग्र कृतिका लागि' दिइएको थियो । ओल्सन भनिछन 'उनका लगभग सबै साहित्यिक सुजनाहरु शब्दहरुप्रति एक भाषाशास्त्रीको आशक्ति र नयाँ अर्थका लागि एक कविको चाहनाको मिलनविन्दुमा केन्द्रित छन ।'

प्रसिद्ध लेखिका सुसान सोन्टागले कार्सनको उच्च प्रशंसा गर्दै लेखेकीछन 'अंग्रेजीमा लेख्ने थोरै लेखकहरूमध्ये उहाँ एक हुनुहुन्छ, जसले जे लेखे पनि म पढ्छु । यदि कुनै पत्रिकामा उहाँको केही रचना छापिएको छ भने, म त्यो तुरुन्तै किनिहाल्छु ।' सोन्टग जस्तो एक प्रमुख साहित्यिक व्यक्तित्वको उक्त टिप्पणीबाट कार्सनले समकक्षिहरूमा परेको प्रभावलाई रेखाङ्कित गर्दछ । क्यानेडियन प्रधानमन्त्री मार्क कार्नीले सामाजिक सञ्जालमा उनको उपलब्धि बारे लेखेकाछन 'तीक्ष्ण बुद्धि, कल्पना र पूर्ण स्वमा आफ्नै मौलिक शैलीका साथ क्यानेडियन कवयित्री एनी कार्सनले शास्त्रीय साहित्यलाई पुनर्जीवित गर्नुभएको छ । उहाँले प्राचीन कथाहरूलाई नयाँ पाठक माझ पुऱ्याउनुभएको छ र साहित्यका बारेमा हाम्रो सोच्ने तरिकालाई बदल्नुभएको छ ।'

राइटर्स ट्रस्ट अफ क्यानडाका कार्यकारी निर्देशक डेभिड लियोनार्डले कार्सनलाई 'एक असाधारण लेखिका' भनेर प्रशंसा गर्दै भनेकाछन कि उनका कृतिहरु 'व्यापक र अत्यन्तै बौद्धिक छन' र 'सुन्दर, बौद्धिक, हामीलाई हाम्रो लेखनमा चाहिएको जस्ता सत्य र मानवीय छन ।' साहित्य अवलोकका मिना ए. गायदले नोबेल पुरस्कारको हालका प्रवृत्तिहरूमा चिन्तन गर्दै लेखेकीछन 'स्वीडिस एकेडेमी त्यस्ता लेखकहरूलाई सम्मान गर्न थालेको छ जसका साहित्यिक कृतिहरु अत्यन्त व्यक्तिगत मानवीय अनुभवहरु र लेखकले हिंड्ने सानो घेरामा आधारित हुन्छन ।' गायदले लेख्छिन कि कार्सन, एनी एर्नो र हन काङ जस्ता हालका नोबेल विजेताहरूसँगै, ग्रान्ड नैरेटिभभन्दा अधिक अन्तरंग, औपचारिक स्वमा नवीन कार्यलाई मान्यता दिने एक परिवर्तनलाई प्रतिनिधित्व गर्दछन।

अन्त्यमा, ग्लोबल इन्स्टिच्युट फर इन्टरडिसिप्लिनरी स्टडिजको संस्थापक अध्यक्ष एवं निर्देशक उत्तमबाबु श्रेष्ठ सामाजिक संजालमा लेख्छन कार्सनको नौला प्रयोगहरू उनले कार्यगर्दै आएको विश्वविद्यालय लगायत धेरैकालागि कतिसम्म मन परेको थिएन भने कार्सनलाई स्थायी जागीर दिन योग्य ठानेन प्रिन्स्टन विश्वविद्यालयले । उनले पढाउने विभाग नै बन्द गरिदिए गर्न भने दुबै पछि परेनन । ख्यातिका पछि सबै हुन्छन ।

(लेखक आदिकवि भानुभक्त क्याम्पसका सहप्राध्यापक हुनुहुन्छ)

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको बिक्री-वितरण नगर्नु नगराउनु हुन ।

नेपाल सरकारको निर्णय तथा प्रचलित कानून बमोजिम प्लाष्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामाग्रीको उत्पादन, आयात, बिक्री-वितरण, भण्डारण तथा प्रयोगमा रोक लगाइएको हुँदा व्यास नगरपालिका क्षेत्र भित्र यस्ता सामाग्रीको कारोबार तथा प्रयोग नगर्नु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ । नगरपालिबाट बजार तथा व्यवसायिक क्षेत्रमा अनुगमन गरिनेछ र कानून विपरीत कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिदे व्यहोरा जनकारी गरिन्छ ।

प्राकृतिक फूल तथा वातावरणमैत्री सामाग्र प्रयोग गरौं, वातावरण संरक्षणमा सहयोग गरौं ।


भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

Scrub Typhus (स्क्रब टाइफस)

1. परिभाषा
Orientia tsutsugamushi नामक ब्याक्टेरियाका कारण हुने तीव्र ज्वरो आउने संक्रामक रोग हो। यो संक्रमित चिगर (chigger) अर्थात् माइटको लार्भाले टोकेपछि मानिसमा सर्छ।

2. कारण
- कारक जीवाणु : *Orientia tsutsugamushi*
- वाहक : चिगर (mite) को लार्भा
- सर्ने माध्यम : संक्रमित चिगरले टोकेपछि
- भण्डार (Reservoir) : माइट तथा साना स्तनधारी जनावर (चुहा आदि)
- मानिसबाट मानिसमा : सामान्यतया सर्दैन।

3. संक्रमण हुने प्रक्रिया


4. Vector (चिगर) र Reservoir

Chigger mite (larval stage) (संक्रमित माइटको लार्भा)
Rodent (reservoir) (चुहा आदि)

5. प्रमुख लक्षणहरु
- अचानक उच्च ज्वरो
- टाउको दुख्ने
- शरीर/मांसपेशी दुख्ने
- धेरै कमजोरी तथा थकान
- जाडो लागने/कम्पन
- खोकी
- वाकवाकी तथा बान्ता
- लिम्फ नोड सुन्निनु
- स्यास
- Eschar (माइटले टोकेको ठाउँमा कालो, सुक्खा घाउ)


Eschar (कालो घाउ)
स्यास

6. जटिलताहरु (उपचार नभएमा)
- निमोनिया / ARDS
- Encephalitis / Meningoencephalitis
- मिर्गौली समस्या (Acute kidney injury)
- Hepatitis (कलेजो समस्या)
- Myocarditis (मुटुको समस्या)
- Shock
- Multi-organ failure
- मृत्यु

समयमै उपचार नपाए गम्भीर हुन सक्छ।

7. निदान
- लक्षण तथा clinical history
- IgM ELISA
- PCR
- Immunofluorescence test
- Weil–Felix test (पुरानो र कम विश्वसनीय)


IgM ELISA

8. उपचार
- **Doxycycline** (प्रमुख प्रभावकारी औषधि)
- **Azithromycin** (doxycycline उपयुक्त नभएको अवस्थामा, विशेष गरी गर्भवती वा केही उमेर समूहमा)
- उपचार चिकित्सकको सल्लाह तथा राष्ट्रिय guideline अनुसार गर्ने।



9. रोकथाम
1. झाडी/घाँसे क्षेत्रमा जाँदा सावधानी
2. लामो बाहुला र लामो पाइन्ट लगाउने
3. उपयुक्त repellent प्रयोग गर्ने
4. जमिनको घाँस/झाडीमा सिधै नबस्ने वा नसुत्ने
5. घर वरिपरि झाडी व्यवस्थापन
6. लामो समय ज्वरो आएमा समयमै स्वास्थ्य संस्थामा जाने।

Exam Mnemonic
"SCRUB"
- **S** – Sudden fever (अचानक ज्वरो)
- **C** – Chigger bite (चिगरले टोक्ने)
- **R** – Rash (स्यास)
- **U** – Untreated complications (उपचार नभए जटिलता)
- **B** – Black eschar (कालो eschar)

मुख्य कुरा: Scrub Typhus = Orientia tsutsugamushi + Chigger mite + Fever + Eschar + Doxycycline

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कार्तिक ८ गते आइतबार
१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा.अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।
२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

कार्तिक १३ गते शुक्रबार
१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कार्तिक १४ गते शनिबार
१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली । फोन: ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



चाडपर्व लक्षित सरसफाई : वडा दशैंको आगमनलाई स्वागतका लागि आइतबार घटस्थापनाका दिन यस व्यास नगरपालिका-१३ छापडाँडा कुकुरढुङ्गे कृषक महिला समूहद्वारा सामुहिक रूपमा गाउँमा रहेका सार्वजनिक स्थानहरूमा सरसफाई गरेका छन् । समूहले चौतारा, कृषक समूह भवन, मन्दिर, कुवा, बाटो लगायतका स्थानहरूको झाडी फाड्ने तथा सरसफाइ कार्यक्रम गरेका छन् । *तस्विर : भञ्ज्याङ*

बेनी-जोमसोम सडक खुल्यो, सास्ती हटेन

अस्थायी मार्गमा घण्टौं जाम, पाँच सयभन्दा बढी मालवाहक साधन अलपत्र; फलफूल कुहिन थाले

भञ्ज्याङ समाचारदाता/म्याग्दी

बाढीपहिरोले क्षतिग्रस्त बेनी-जोमसोम सडकमा अस्थायी मार्ग बनाएर सवारी सञ्चालनमा ल्याइए पनि यात्रुको सास्ती र मालवाहक सवारीको जाम भने हट्न सकेको छैन । साँघुरो, हिलाम्मे र जोखिमयुक्त सडकमा एकैपटक धेरै सवारीसाधन गुड्दा विभिन्न स्थानमा घण्टौंसम्म जाम हुने गरेको छ । गत असोज ८ देखि ११ गतेसम्मको अविरल वर्षापछि आएको बाढी र पहिरोले कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दी-मुस्ताङ सडकका धेरै ठाउँमा क्षति पुऱ्याएको थियो । नदी कटान भएका स्थानमा अस्थायी मार्ग निर्माण तथा पहिरो पन्छाएपछि बिहीबार साँझदेखि सडकमा सवारी आवागमन सुरू गरिएको हो ।

सडक खुलेसँगै कोरला नाकाबाट भन्सार प्रक्रिया पूरा गरेर गन्तव्यतर्फ जान प्रतीक्षारत करिब पाँच सय मालवाहक कन्टेनर तथा ट्रकले बाटो पाएका छन् । तर, सडकको क्षमता र अवस्था कमजोर भएकाले ती सवारीसाधनको चापले आवागमन थप अस्तव्यस्त बनेको छ । बेनीबाट मुस्ताङतर्फ जाने सवारीको चाप बढ्दा सडकका विभिन्न खण्डमा लामो जाम देखिन थालेको छ ।

दसैं तथा जाडोयामलाई लक्षित गरी चीनबाट ल्याइएका कपडा, खाद्यान्न र फलफूल बोकेका मालवाहक साधन लामो समय रोकिँदा व्यवसायी र चालक मर्कामा परेका छन् । विशेषगरी फलफूल बोकेका केही गाडी लामो समय सडकमा रोकिँदा सामान बिग्रिन थालेको व्यवसायीको गुनासो छ। ढुवानीमा भएको ढिलाइले आर्थिक भारसमेत बढाएको छ ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाले भने सडक मर्मतको काम प्रभावित भएकाले सवारी सञ्चालन व्यवस्थापन गर्नुपर्ने जनाएको छ । आयोजनाका प्रमुख तेजस्वी शर्माका अनुसार प्रारम्भिक मर्मतपछि हलुका सवारीसाधन परीक्षणका रूपमा सञ्चालन गर्ने योजना रहे पनि ठूलो संख्यामा मालवाहक, पर्यटक तथा यात्रुवाहक सवारी गुड्दा मर्मतको काम सञ्चालन गर्न सकिने बनाउने लक्ष्य रहेको उनले जानकारी दिए।

सडकको कमजोर अवस्थाले यात्रु र चालकलाई जोखिमसमेत बढाएको छ । अस्थायी बाटोमाथि पुनः पहिरो खस्ने, नदी कटान बढ्ने तथा सवारीसाधन हिलोमा फस्ने जोखिमका कारण यात्रुहरु त्रसित छन् । बाढीपछि एकपटक खुलेको सडक फेरि अवरूद्ध हुने हो कि भन्ने चिन्ता स्थानीयवासीमा समेत छ ।

नाकामा भन्सार प्रक्रिया पूरा भएका सामान सडककै कारण गन्तव्यमा पुग्न नसक्ने अवस्था आएपछि व्यापारिक गतिविधिसमेत प्रभावित भएको छ । त्यसैले अस्थायी बाटोमा सवारी चलाएर



प्रभावित भएको हो ।

"सडक सुधारको काम भइरहेका बेला अनियन्त्रित रूपमा सवारी चल्दा नयाँ बनाइएको मार्गसमेत हिलाम्मे भएको छ", शर्माले भने, "तिल्केनीचौरलगायतका केही स्थानमा सवारीसाधन फस्ने समस्या देखिएको छ ।"

सडक आयोजनाका प्राविधिक विनोद पौडेलका अनुसार कुनौटा-पोखरेबगर क्षेत्रको करिब १० किलोमिटर सडक सुधारलाई प्राथमिकताका साथ अघि बढाइएको छ। असोज २६ गतेभित्र मर्मत सकेर सडकलाई सहज रूपमा तातोपानीबाट अपेक्षित रूपमा व्यापारिक आवागमन हुन नसकेको अवस्थामा कोरलाबाट आयात हुने सामानको निर्बाध ढुवानीका लागि बेनी-जोमसोम सडक निर्णायक बनेको हो ।

लामो समय सडक अवरूद्ध हुँदा मुस्ताङमा दैनिक उपभोग्य सामग्रीको आपूर्ति प्रभावित भएको छ । खाद्यान्न र खाना पकाउने ग्यासको ढुवानीमा समस्या हुनुका साथै विद्युत्, फोन तथा इन्टरनेट सेवामा समेत असर परेको छ। सडकको अवस्था कमजोर रहँदा जिल्लाको जनजीवन सामान्य बनाउन अझै चुनौती देखिएको छ।

यतिबेला चीनसँगको व्यापारका लागि कोरला नाका भन्ने महत्त्वपूर्ण बनेको छ । बाढीपहिरोका कारण रसुवागढी नाका बन्द रहेको र मात्र समस्या समाधान हुने देखिँदैन। सडकका जोखिमयुक्त खण्डको दिगो मर्मत, नदी कटान नियन्त्रण र व्यवस्थित सवारी व्यवस्थापनलाई सँगसँगै अघि बढाउनुपर्ने देखिएको छ ।

कोरला नाका सञ्चालनमा आएर व्यापारको बाटो खुले पनि बेनी-जोमसोम सडक सहज नहुँदा त्यसको लाभ यात्रु र व्यवसायीले पूर्ण रूपमा लिन सकेका छैनन्। त्यसैले सडक मर्मतलाई समयमै सम्पन्न गरी सुरक्षित र भरपर्दो आवागमन सुनिश्चित गर्नु अहिलेको मुख्य आवश्यकता बनेको छ ।

facebook twitter



Baburam Bhattarai
x.com/brb1954

बुढीगण्डकी बाढी प्रभावित क्षेत्रको स्थलगत अध्ययन र पीडित जनतासंग सम्वाद गर्दा यो भोटेकोशी-त्रिशुली महाविपत्तिकै मिनि-संस्करण जस्तो लाग्यो! शृंगी हिमाली चट्टानी पहिरोले बुढीगण्डकीको सहायक नदीको प्रवाह अबरूद्ध गरेर बिष्फोटन पश्चात तीव्र गतिमा चट्टान र लेदो सहित प्रवाहित हुंदा किनाराका पूरै बस्ती, पक्की पुल, झोलुंगेपुल, जलविद्युत निर्माण संरचना आदि ठूलो मात्रामा बगाएको/पुरेको देखियो ।
अतः यसलाई गम्भीरतापूर्वक लिएर तत्काल उद्धार, राहत, पुनर्स्थापना र बगाएका पक्की पुलहरूको पुनर्निर्माण सहित बुढीगण्डकी करिडोरको एकीकृत विकास र हिमाली क्षेत्रको वातावरणीय संरक्षणमा ध्यान दिइयोस्।
साथै राष्ट्रिय गौरवको बुढीगण्डकी परियोजना र सामरिक महत्वको बेनीघाट-आरूघाट-रूइला भन्ज्यांग सडक निर्माणसंग पनि यसलाई तालमेल मिलाएर अघि बढाइयोस !



Tara Nath Dahal
x.com/tndahal7

हिमालय भत्कदै छ कि भत्काईदै छ ?
जतातै भयावह हिम पहिरोले सोरेको गेग्रानहरूको बाढी चलेको छ ।
दक्षिणधारको नेपाल त हिमालका खोचहरूबाट आएको बाढीले एकै वर्षमा सखाप हुने खतरा बढ्यो !

तनहुँमा दुई हजार २२० दोहोरो मतदाता हटाइए

भञ्ज्याङ समाचारदाता/दमौली

जिल्ला निर्वाचन कार्यालय तनहुँले जिल्लामा दोहोरो रूपमा कायम भएका दुई हजार २२० मतदाताको नाम मतदाता नामावलीबाट हटाएको छ ।

मतदाता नामावली अद्यावधिक गर्ने क्रममा दोहोरो विवरण भेटिएपछि त्यस्ता नाम हटाउने निर्णय गरिएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिए । उनका अनुसार जिल्लाका सबै स्थानीय तहमा दोहोरो रूपमा कायम भएका मतदाताको विवरण परीक्षण गरी नामावली अद्यावधिक गरिएको हो।

दोहोरो मतदाता नामावली भानु, व्यास, भिमाद र शुक्लागण्डकी नगरपालिकाका साथै ऋषिङ, आँबुखैरेनी, बन्दीपुर, घिरिङ, म्याग्दे र देवघाट गाउँपालिकाबाट हटाइएको कार्यालयले जनाएको छ ।

निर्वाचन कार्यालयले मतदाता विवरणमा देखिएको दोहोरोपन हटाएर नामावलीलाई थप व्यवस्थित र अद्यावधिक बनाउने काम अघि बढाएको हो । एउटै व्यक्तिको नाम एकभन्दा बढी स्थानमा कायम हुँदा निर्वाचनको मतदाता विवरणमा अस्वाभाविक वृद्धि देखिन सक्ने भएकाले नियमित रूपमा विवरण अद्यावधिक गर्नुपर्ने आवश्यकता रहन्छ ।

गत फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा तनहुँमा दुई लाख ५४ हजार ३९७ मतदाता कायम थिए। दोहोरो नाम हटाइएपछि जिल्लाको अद्यावधिक मतदाता संख्या यसअघिको तुलनामा घटेको छ ।

निर्वाचन कार्यालयले मतदाता नामावलीमा आफ्नो विवरण सही भए-नभएको यकिन गर्न तथा बसाइँसराइ वा अन्य कारणले विवरण परिवर्तन भएको भए आवश्यक प्रक्रिया पूरा गरी अद्यावधिक गराउन मतदातालाई आग्रह गरेको छ ।

विश्वकप लिग टु: नेपालले क्यानडालाई २४ रनले हरायो

भञ्ज्याङ समाचारदाता/तनहुँ

आइसीसी विश्वकप लिग टु अन्तरगत आफ्नो अन्तिम



सिरिजमा नेपालले पहिलो जित दर्ता गरेको छ । आइतबार ओमान भएको खेलमा नेपालले क्यानडालाई २४ रनले पराजित गऱ्यो ।

२३६ रनको लक्ष्य पछ्याएको क्यानडा ४८.४ ओभरमा २११ रनमा अलआउट भयो । उसका लागि एरोन जोनसनले सर्वाधिक ४४ रन बनाए भने समित गोहेलले ३५, अखिल कुमारले २९, कप्तान हम्जा तरिक र श्रेयस मोभ्भाले सम्मान २६ रन बनाए। नेपालका लागि सन्दीप लामिछाने, ललित नारायण राजवंशी, करण केसी, नन्दन यादवले समान २-२ विकेट लिए भने एक विकेट लिए।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४